# भैरबी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

भैरबी गाउँपालिका अध्यक्ष श्री रीता कुमारी शाहीले भैरबी गाउँसभामा प्रस्तुत गर्नुभएको

आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम ।

भैरबी गाउँपालिका
भैरीकालिकाथुम, दैलेख

सम्पुर्ण गाउँसभा सदस्यहरु

यस भैरबी गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा खुसि लागेको छ । नेपाली जनताले सात दशक लामो संघर्ष एवं बलिदानबाट मुलुकले एक नयाँ सविधान पायो । जनताले जनताको लागि आफ्ना प्रतिनिधिमार्फत बनेको यो सविधान एक युगान्तकारी परिवर्तन हो ।नेपाल एक स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक समावेश राज्य भएको र सविधानले परिकल्पना गरेको तीन तहको संघीय संरचना तथा संविधानले प्रत्याभुत गरेका एकल र साझा अधिकारको प्रयोग र अभ्यास गर्ने अभिभारा स्थानीय सरकारलाई दिएको छ । जनताको घरदैलोमा आफ्नो आवश्यकता, प्राथमिकता र संस्थागत क्षमतालाई स्थानीय तहको अनुकुलन हुनेगरी नीति तथा कार्यक्रम बनाई लागु गर्नुपर्नेछ ।

आगामी आर्थिक बर्ष २०८१/०८२ का लागि भैरबी गाउँपालिकाले क्षेत्रगत रुपमा देहायबमोजिम नीति अवलम्बन गरेको छ ।

**<u>भौतिक विकास तथा योजनाः</u>**

- जोखिममा परेका बस्ति र छरिएर रहेका विकट बस्तिलाई एकीकृत बस्ति विकासको अवधारणा अघि सारिनेछ त्यसका लागि आवश्यक बजेट प्रदेश सरकारसंग माग गरिनेछ
- गाउँपालिका भित्रका मुख्य सडकलाई १२ महिना सवारी साधन चल्ने वनाईनेछ र त्यसका लागि बाटो ग्रावेल गर्ने र सरसफाई गर्न आफ्नै क्षमतालाई पुर्ण रुपमा प्रयोग गर्ने नीति लिइएको छ ।
- भौतिक बिकासलाई आर्थिक विकाससंग जोडदै रोजगारी सृजना गर्ने प्रत्येक्ष जनसमुदाय लाभान्वित हुने र ह्याभि इक्यूमेन्टको प्रयोग नहुने १ करोड सम्मको योजनालाई उपभोक्ता समितिमार्फत संचालन गर्ने र यस्ता उपभोक्ता समिति गाउँपालिकामा दर्ता गर्ने ब्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको मुख्यसडक शहिदगेट-डाडीमाडी- कुसापानी-भोटेगढी सडकलाई कालोपत्र गर्न डिपिआर गरी सडक डिभिजन मार्फत भौतिक पुर्वाधार मन्त्रालयमा आवश्यक बजेट विनियोजनको लागि पहल गरिनेछ ।
- गाउँपालिका भित्रका सडकहरु भिरखेत शिरस्थान नाभिस्थान जाहरमाडी सडक, वडाकार्यालय चिन्तेमय सडक, चगत्रा डाडीमाडी सडक, सिलङ्गी बालेकाडा भैसिकाटे डाडा चामुण्डा सडक, डाडीमाडी गौनी बहाचौर कुटी सडक, सोल्टीमोड कुटी सडक पुरिकावारी डाडासरु कडेनी महाबु सडक र गावुगौडा मान्म सडक भैरी सुन्नलारुख बुढाना ढुस्का दलितटोल सडक स्तरोन्नी गरिनेछ ।
- हरित सडकको अवधारणलाई अवलम्बन गर्दै सडक छेउछाउ वृक्षारोपण गर्ने नीति अवलम्बन गरिनेछ ।कृषि सडक र हरित सडकको विस्तारमा जोड दिइनेछ ।

- विकास निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यानमा राखी जैविक विविधता र पर्यावरणमा प्रतिकुल असर नपर्ने गरी गरिनेछ ।
- स्मार्ट भिलेजको अवधारणा बमोजिम स्थानीय बजारलाई सुविधासम्पन्न बनाउन आवश्यक पर्ने पुर्वाधार सडक, खानेपानी, विद्युत, फोहोरमैला ब्यवस्थापनलाई प्राथमिकतामा राखिनेछ
- निर्माण तर्फका पुर्वाधारको गुणस्तर कायम गर्न नियमित अनुगमन प्राविधिक क्षमता विकास थप जनशक्ति ब्यवस्थापन गरिनेछ ।
- निर्माण पुरा हुन नसकेका विद्यालय भवनको निर्माण सम्पन्न गर्ने र प्रत्यक वडा कार्यालयको भौतिक संरचना स्तरोन्नती गरिनेछ ।

**सामाजिक विकासः**

**क. <u>शिक्षा तथा खेलकुद</u>**

१. सामुदायक विद्यालय शिक्षालाई गुणस्तरीय बनाउनका लागि बस्तुगत अनुगमन गरी तह घटाउने, अनुमति दिने, विद्यालय मर्ज गर्ने र दरबन्दी हेरफेर गर्ने कार्यलाई अगाडी बढाईनेछ ।

२. शिक्षकलाई नतिजामा आधारित कार्यसम्पादन करार गरि शैक्षिक गुणस्तर बृद्धि गर्न पालिकाले प्रधानाध्यापकसंग र प्रधानाध्यापकले शिक्षकसंग कार्यसम्पादन करार गरी शैक्षिक गुणस्तर सुधार योजना अघि सारिएको छ ।उत्कृष्ट नतिजा ल्याउने शिक्षकलाई पुरस्कार र नतिजा सुधार गर्न नसक्ने शिक्षकलाई दण्डको ब्यवस्था मिलाईनेछ ।

३. आगामी पाँच वर्षभित्र सबै बालबालिकालाई आधारभूत शिक्षा प्राप्त हुने सुनिश्चित गरिनेछ ।

४. गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि गर्न पालिका एक स्मार्ट विद्यालय अवधारणा कार्यान्वयनमा ल्याइनेछ ।

५. विपन्नलक्षित छात्रवृत्ति १२ कक्षासम्म विस्तार गरिनेछ ।प्राविधिक तथा उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई सरकारी कार्यप्रणालीको आधारभूत तालिम प्रदान गरिनेछ ।

६. विद्यार्थीका लागि निशुल्क लोकसेवा तथा शिक्षकसेवा आयोग तयारी कक्षा संचालन गर्न आवश्यक बजेट ब्यवस्था गरिनेछ ।

७. माध्यमिक विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षकको अभावपूर्ति गर्न विश्वविद्यालयमा अध्ययनरत विद्यार्थीलाई मूल्याङ्कनसहितको शिक्षण इन्टर्नसिपमा पढाउन पहल गरिनेछ ।

८. बालविकास केन्द्र र प्राथमिक तह (कक्षा १-५) लाई शैक्षिक सामाग्रीले सुविधासम्पन्न बनाईनेछ ।

९. पालिकास्तरमा एक खेलकुद मैदान निर्माण गरिनेछ पालिकास्तरमा नियमित खेलकुद आयोजना संचालन गरिनेछ ।

स्वास्थ्य सेवा

- भैरबी अस्पतालहरूको निर्माण र स्वास्थ्य सेवा विस्तार कार्यलाई यथाशिघ्र अगाडी बढाईनेछ ।
- बर्थिङ्ग सेन्टरको गुणस्तर विकासमा जोड दिईनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभुत स्वास्थ्य सामाग्री उपलब्ध गराई प्राथमिक उपचारलाई ब्यवस्थित गरिनेछ ।
- क्यान्सर, मुटुरोग, मधुमेह, उच्च रक्तचाप र अन्य दिर्घरोगी र महिला तथा किशोरीको स्वास्थ्य जटिलता आउन नदिन स्वास्थ्य परीक्षण सिभिर संचालन गरिनेछ ।
- स्वास्थ्य बिमा कार्यक्रममा सबै नागरिकलाई जोडनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- भैरीकालिकाथुम स्वास्थ्य चौकीमा चिकित्सक सेवा संचालन गरिनेछ ।
- मेरो स्वास्थ्य मेरो जिम्मेवारी भन्ने नारालाई साकार पार्न ब्यायाम र योग गर्न एक सुविधासम्मपन्न हलको निर्माण गरिनेछ ।
- औषधीजन्य जडिबुटीको खोज अनुसन्धान र प्रशोधन गरिनेछ र निशुल्क आयुवेर्दिक चिकित्सकिय सेवा उपलब्ध गराईनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई प्रात्साहन गरिनेछ
- नसर्ने रोगको रोकथाम र निदानको लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ
- जेष्ठ नागरिक को नियमित स्वास्थ्य परीक्षण कार्यक्रमलाई अघि सारिनेछ ।
- संचालनमा रहेका आधारभुत स्वास्थ्य ईकाइहरु जुम्लिकाबाडी, डाव कोटेस्वर, डोक्रा दुईसल्ले पानीपोखरालाई बर्थिङ्गमा स्तरोन्नी गर्न आवश्यक पहल गरिनेछ ।

ख. यातायातः

- **सडक सुरक्षालाई ध्यान दिदै सडक स्तरोन्नती कार्यलाई तिव्रता दिईनेछ ।**
- भैरबी गाउँपालिकामा नियमित यातायातको सूविधा उपलब्ध गराउन गाउँपालिका बासीहरुको गुणस्तरीय र सर्वसुलभ यातायात सुविधामा पहुच स्थापित गर्न नगरबस संचालनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

ग. पोषण तथा खाद्य सुरक्षाः

गुणस्तरीय पोषण सेवाको उपलव्धता र पहुँचको सुनिश्चतता गर्दै मानव जीवनचक्रमा पोषण अवस्था सुधार गर्ने लक्ष्य सहित हाल कार्यन्वयन भैरहेको वहुक्षेत्रीय पोषण योजना तेस्रो आ.व.२०८०/०८१ देखि २०८७/०८८ अन्तर्गत पोषण विशेष तथा पोषण संवेदनशील सेवाको उपलव्धता र गुणस्तर सुधार गरी समतामुलक पहुँच,पोषण मैत्री

शासन प्रवर्द्धन तथा सामाजिक व्यवहार परिवर्तन मार्फत स्वास्थ्य र पोषण सुधारका गर्न स्वास्थ्य, कृर्षि, शिक्षा, महिला विकास तथा पशु स्वास्थ्य शाखा मार्फत विभन्न पोषण लक्षित कार्यक्रम सञ्चालनका लागि आवश्यक वजेट विनयोजन गरिने छ ।

**आर्थिक विकासः**

**क. उद्योग**

- उद्योग, क्षेत्रको विकास एव बिस्तार गर्न घरेलु तथा साना उद्योग संचालनका लागि मागमा आधारित यन्त्र उपकरणमा ५० प्रतिशत अनुदानको ब्यवस्था मिलाईनेछ ।
- भैरबी गाउँपालिकामा सम्भाव्यता अध्ययनका आधारमा एक औधोगिक ग्राम स्थापना गरिनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योगहरु जस्तै (अल्लोको कपडा मसला उद्योग सिस्नो पाउडर कोदोको विस्कुट आदी) संचालन गर्न स्थानीय समुदायलाई प्रोत्साहन गरिनेछ ।
- चोया चित्रा ब्यावसायलाई प्रवर्द्धन गरिनेछ ।
- भैरबी गाउँपालिका वडा नं. ७ मा स्लेट उद्योग स्थापना गरी स्लेट प्रशोधन मेसिन अनुदानमा वितरण गरिनेछ । गाउँपालिकाभित्रका सार्वजनिक निर्माणमा आयातित टायललाई प्रतिस्थापन गरी स्लेट प्रयोगलाई अनिवार्य गरिनेछ ।
- भैरबी गाउँपालिकाका संचालित सबै ब्यावसायलाई व्यवसाय दर्ता प्रणालीमा आवद्ध गराईनेछ । गाउँपालिकाले खरिद गर्ने मालसामान उपलब्ध भएसम्म प्रतिस्पर्धाका आधारमा स्थानीय बजारबाट खरिद गरिनेछ ।
- **कर करले होईन रहरले तिरौ नागरिक कर्तव्य पालना गरौ** भन्ने नाराका साथ सबै ब्यावसाय सामुदायिक वन उद्योग प्रतिष्ठानलाई करको दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ ।

**ख. श्रम तथा रोजगार**

- आ२०८ .व.१/०८२ देखि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा अगाडी बढाउन सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारी कायम गरिनेछ । वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रबर्धन र भौतिक पुर्वाधारको समेत विकास गरिनेछ । त्यस्तै पालिका स्तरीय र वडा स्तरीय आयोजनामा समेत रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गरिनेछ। यस्तो साझेदारीमा आवश्यक कार्यविधी बनाएर श्रमिकको ज्याला खर्च प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत र अन्य निर्माण सामग्री तर्फको खर्च पालिका तथा वडा स्तरबाट योगदान हुनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएकालाई उनीहरुको सीप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक नीति बनाएर समन्वय गरिनेछ ।

- स्थानिय स्तरमा रोजगारीको प्रवर्द्धनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ । बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूची अद्यावधिक र व्यवस्थित गरिनेछ । पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनः श्रम स्वीकृतिको कार्यलाई प्रभावकारी तरिकाले कार्यान्वन गरिनेछ।
- संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ । गरिवी न्यूनीकरण तथा रोजगारीका अवसरमा वृद्धि गर्न पहलकदमी चालिनेछ ।
- स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना संचालन गरि श्रममूलक योजना मार्फत समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभूति गराइने छ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमुलक पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजि क्षेत्रसँग सहकारी र समन्वयमा जोड दिईनेछ । 'युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकतामा राखी स्वरोजगारमुलक कार्यमा संग्लग्न स्थानीय युवा उद्दमीहरुलाई प्रोत्साहित गरिनेछ ।
- रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइने छ।पालिका स्तरिय योजनाहरुमा रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई प्राथमिकतामा राखिने छ ।
- चालु आ.ब. २०८१।०८२ मा श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम सात (७ वटै) वडामा संचालन गरिनेछ।
- चालु आ.ब. २०८१।०८२ मा रोजगार संवाद मञ्च संचालन तथा व्यस्थापान कार्यविधि स्वीकृत गरी रोजगार संवाद मञ्च संचालन गरिनेछ।चालु आ.ब. मा भैरवी गाउँपालिका को पञ्चवर्षीय रोजगार रणनीति तयार गरी लागु गरिनेछ।
- चालु आ.ब. २०८१।०८२ मा सात (७ वटै) वडामा श्रमिकहरु लाई रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण कार्यक्रम संचालन गरी कार्यस्थल सुरक्षा सामाग्री प्रदान गरिनेछ।

**ग. <u>कृषि विकास</u>**

- स्थानीय रैथाने बाली प्रर्वद्धन गर्दै बाझो जग्गामा खाद्यन्न, फलफुल तथा मसला खेति (कफि, लसुन, धनिया, अलैची र टिमुर) खेति विस्तार गरिनेछ ।
- कृषि, क्षेत्रको उत्पादन र उत्पादकत्व वढाउनको लागि तरकारी बाली र फलफुल खेति विस्तारको योजना अघि सारिनेछ ।
- विगतको पालिकाबाट गरिएका कृषि अनुदानको अनुगमन गरी अनुगमनका क्रममा देखिएका समस्याको समाधानको लागि आवश्यक पहल कदमी चालिनेछ ।
- कृषि क्षेत्रलाई विविधिकरण एव ब्यावसायिकरण गर्न कृषक, कृषि फर्म, कृषक समुह तथा सहकारीलाई मागमा आधारित यान्त्रिक उपकरणमा ५० प्रतिशत अनुदान दिने ब्यवस्था मिलाईनेछ।
- ब्यावसायिक किसानहरुलाई सहुलियतदरमा कृषि कर्जा उपलब्ध गराउनको लागि वित्तिय संस्था तथा बैकसंग आवश्यक समन्वय तथा पहल गरिनेछ ।
- जैविक खेति प्रविधिको विकासमा प्रवधन गर्दै कृषिबालीमा लाग्ने रोग किरा नियन्त्रणको लागि जैविक बिषादीको प्रयोगलाई जोड दिईनेछ ।
- नीजि क्षेत्रबाट ब्यवस्थापन करार गरी पालिकास्तरमा एक संङ्कलन केन्द्र र शीत भण्डारको स्थापना गरिनेछ ।
- नमुना कृषि फर्म प्रोत्साहन र उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन गरिनेछ ।
- पालिकास्तरमा एक कृषि संकलन केन्द्र र शित भण्डार निर्माण गरिनेछ ।

<u>पशुपक्षि विकास</u>

- पशुजन्य उत्पादन दुध र मासु प्रवर्द्धन लागि उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन गरिनेछ ।त्यसका लागि डेरी संचालनका लागि आवश्यक पहल गरिनेछ दुधमा किसानलाई प्रतिलिटर ५ र डेरी संचालकलाई प्रतिलिटर रु २/५० अनुदान दिने ब्यवस्था मिलाईनेछ ।
- मासु उत्पादनको लागि खसिबोका र रागाको विक्रि वितरण गर्न स्थानीय हाटबजार संचालन गर्न नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।हाटबजार मार्फत खसिबोका विक्रिगर्ने किसानलाई प्रतिकेजी रु ३० अनुदान दिईनेछ ।
- नश्ल सुधार गरी पशुजन्य उत्पादन एवं उत्पादकत्व बृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रमलाई थप प्रभावकारी एवं विस्तार गरिनेछ ।
- पशुचौपायमा लाग्न जुनोटिक रोग तथा महामारी नियन्त्रणको लागि आवश्यक संस्थागत क्षमता सुदृढ गरिनेछ ।
- बाली बिमा तथा पशुपक्षि बिमा कार्यक्रमलाई विस्तार गरिनेछ प्रिमियम वापतको ७५ प्रतिशत रकम गाउँपालिकाले ब्यहोर्नेछ ।
- भैसी तथा उन्नत जातको गाईपालन गर्ने किसानलाई सुत्केरीभत्ता वापत रु. २००० घरमै उपलब्ध गराईनेछ ।

**पर्यटन तथा संस्कृति सरक्षणः**

- स्थानीय पर्यटन प्रवर्धनका लागि शिरस्थान क्षेत्र संरक्षण, भैरबी मन्दिर ब्यवस्थापन, भैरबी झरना प्रचारप्रसार कालिका मन्दिर कुर्मावति मन्दिर संरक्षण पंचकोशी पर्यटकीय पदमार्ग बासुधारा  माई मन्दिर पदमार्ग निर्माण, ब्याउली धरमशाला, ढुङ्गेधारा , बाह्र खम्बा देवलहरु र ढुङ्गधारा संरक्षणमा जोड दिईनेछ ।
- विन्दासैनी देवल संरक्षण
- पर्यटन क्षेत्रको विकास एव विस्तार गरी आन्तरिक तथा बाह्य पर्यटकीय गन्तव्यको रुपमा भैरबी भ्रमण बर्ष २०८१ संचालन गरिनेछ ।
- बाह्य पर्यटकलाई आकर्षित गरी पर्यटन व्यवसायको विकास र विस्तार मार्फत स्थानीय रोजगारी सिर्जना गर्न Home stay संचालनका  लागि आवश्यक पहल गरिनेछ ।

**प्रशासन, व्यवस्थापन तथा सेवा प्रवाहः**

- खरिद नियमावली बनाई खरिद प्रणालीलाई प्रतिस्पर्धी, पारदर्शी र विकासमैत्री बनाइनेछ ।
- गाउँपालिकाको आफ्नै प्रशासकिय भवन बाट सेवा प्रवाहको ब्यबस्था मिलाईएको छ भने प्रशासनिक केन्द्र परिसरमा आवश्यक बिद्युतिय प्रणालीको सेवा बिस्तार गरिने छ
- गाउँपालिकाको कर्मचारी संगठन संरचना अध्ययन गरि गाउँ सरकारको आवश्यकता, संगठन संरचना र स्वीकृत दरबन्दी बाहेक नियुक्ति गरिनेछैन ।
- गाउँपालिकाले प्रदान गर्ने सेवा सुविधा लाई क्रमशः डिजिटलाईजेशन गर्दै लगिनेछ तथा सेवाप्रवाह लाई जनमैत्री र पारदर्शी बनाईने छ ।
- सुचना प्रकाशन प्रणालीलाई स्वचालित बनाईनेछ । नागरिकको पिरमर्का र गुनासो ब्यवस्थापनका लागि आवश्यक कार्य गरिनेछ ।
- नागरिक वडापत्र उजुरी पेटिका र गुनासो ब्यवस्थापन गर्न नागरिक सहायता कक्षको स्थापना गरिनेछ ।
- आफ्नो जिम्मेवारीमा अलमल गर्ने अनियमितता र ,काम पन्छाउने,खराब आचरण राख्ने कर्मचारीलाई निरुत्साही गरिनेछ ।
- कार्यसम्पादनका आधारित पुरस्कार र दण्डको ब्यवस्थापन गर्न आन्तरिक मुल्याङ्कन प्रणालीलाई वैज्ञानिक बनाईनेछ ।
- सार्वजनिक सम्पतीको सुरक्षा र मर्मत संभारलाई ब्यवस्थित बनाईनेछ
- अन्य सार्वजनिक सेवा प्रवाहको सरलीकृत गर्न आवश्यक कानून बनाई लागु गरिनेछ।

- बेरुजु फछ्र्यौट कार्यलाई प्राथमिकता राखी शुन्य बेरुजू कायम गर्ने आवश्यक नितिगत तथा संस्थागत क्षमतामा जोड दिईनेछ ।

**<u>वातावरण तथा विपद ब्यवस्थापनः</u>**

- विकास आयोजना संचालन गर्दा जलवायु परिवर्तन अनुकुलन हुनेगरी गरिनेछ
- वातावरणीय प्रवाभ र असरलाई प्राथमिकतामा राखी विकास सम्बन्धी कार्यक्रमहरू संचालन गरिनेछ ।
- विपद राहत कोष संचालन एवं विस्तार गरिनेछ ।
- गाउँपालिकामा एक आपतकालिन कार्यसंचालन केन्द्र स्थापना गरिनेछ ।
- प्रत्येक वडाहरुमा न्यूनतम खोज उद्दारका सामाग्रीको ब्यवस्थापन गरिनेछ ।
- विपद प्रतिकार्य योजना निर्माण गरिनेछ साथै स्थानीय स्तरमा युवा जनशक्तिलाई आधारभुत खोज उद्दार सम्बन्धी तालिम संचालन गरिनेछ ।
- विपद जोखिम न्यूनिकरण सेल्टर ब्यवस्थापन गर्न खुला क्षेत्र पहिचान र आवश्यक पुर्वाधार विकास गरिनेछ ।
- राहत वितरण कार्यलाई वस्तुनिष्ठ बनाईनेछ ।

**<u>महिला बालबालिका शाखा</u>**

- **महिला, बालबालिका, पिछडिएको वर्ग समुदाय, लैङ्गिक यौनिक अल्पसंख्यक समुदाय तथा ज्येष्ठ नागरिकका लागी जिविको पार्जन र शसक्तिकरणका कार्यक्रम संचालन गरिने छ ।**
- **बाल संरक्षणका निमित्त बाल कोष खडा गरिने छ । लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण कायम गर्नका लागी आवश्यक निति निर्माण गरी Gesi Audit लाई निरन्तरता गरिने छ ।**
- **अनाथ असहाय र अपाङ्ग बालबालिकाहरुका लागी शैक्षिक सहायता उपलब्ध गराईने छ । किशोर किशोरीलाई आवश्यक जिवन उपयोगी सिप विकास तालिम संचालन गरिने छ**
- **अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यक सहायता सामाग्री वितरण गरिने छ ।**
- **बालबालिका पुर्नस्थापना केन्द्र, ज्येष्ठ नागरिक आश्रय केन्द्र, अशक्त अपाङ्गहरुको लागी स्याहार केन्द्र स्थापना र संचालन गरिने छ**

घ. <u>सहकारी</u>

- सहकारीमा देखिएको समस्यालाई समाधान गर्न सहकारीलाई एकिकृत सूचना प्रणालीमा आवद्ध गरी तिनिहरुको संस्थागत क्षमता अभिबृद्धि गर्दै सहकारीमार्फत रोजगारी सिर्जना तथा गरिबी निवारणका लागि आवश्यक पहल गरिनेछ ।
- सहकारी संस्थाहरू स्थापनाको उद्देश्यअनुरूप सञ्चालन हुनुपर्ने व्यवस्था गरिनेछ । सहकारी संस्थाको सघन सुपरिवेक्षण र नियमनका लागि विशिष्टीकृत नियामक निकाय स्थापना गरिनेछ । सहकारी बचत तथा कर्जा सुरक्षण कोष, सहकारी कर्जा सूचना केन्द्र र सहकारी कर्जा असुली न्यायाधीकरणमार्फत सहकारी क्षेत्रको बचत तथा लगानीको सुरक्षा गरिनेछ ।

धन्यावाद ।